गोरखापत्र मा प्रकाशित
मिति :- २०७४/०६/२४ गते

## नेपाल सरकार
# सामान्य प्रशासन मन्त्रालयको
## अत्यन्त जरुरी सूचना ।

निकट भविष्यमा कानुन बमोजिम कर्मचारी समायोजन गर्नुपर्ने हुँदा निजामती सेवा, नेपाल स्वास्थ्य र नेपाल संसद सेवाको पदमा कार्यरत कुनै कर्मचारीको कर्मचारी संकेत नं. (सिटरोल नं..) सहितको बैयत्तिक विवरण अध्यावधिक गर्न/गराउन र निजामती किताबखानामा वैयक्तिक विवरण (सिटरोल) दर्ता नभएको भए यो सूचना प्रकासन भएको मितिले १०(दश) दिनभित्र आफु कार्यरत कार्यालय मार्फत् वैयक्तिक विवरण (सिटरोल) दर्ता/अद्यावधिक गर्नुहुन यो सूचनाद्धारा जानकारी गराईन्छ । साथै सम्वन्धित कार्यालयले समेत वैयक्तिक विवरण (सिटरोल) दर्ता गर्न बाँकी रहेका कर्मचारीको विवरण भर्न लगाई प्रमाणित गरी निजामती किताबखानामा पठाउनु हुन र व्यक्तिगत विवरण दर्ता नभएको कर्मचारीलाई २०७४ आश्विन महिना देखिको तलब भत्तानी नगर्नु हुन समेत जानकारी गराईन्छ । साथै समयमै पछिल्लो विवरण अध्यावधिक नगराएको कारण समायोजनमा कुनै समस्या आएमा सोको सम्पूर्ण जिम्मेवारी स्वयं कर्मचारीको हुने समेत जानकारी गराईन्छ ।

विस्तृत जानकारीको लागि निजामती किताबखानाको सम्पर्क नं. ५०१०१३८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।